# स्थानीय राजपत्र

ईन्द्रावती गाउँपालिका द्धारा प्रकाशित

खण्ड ६) नवलपुर, सिन्धुपाल्चोक, पुस ७ गते, २०७९ साल (संख्या २५


# भाग २

## स्थानीय सरकार

# ईन्द्रावती गाउँपालिका

### नवलपुर, सिन्धुपाल्चोक, बागमती प्रदेश, नेपाल

ईन्द्रावती गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको सूचना

ईन्द्रावती गाउँपालिका गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको नीति सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## बाल संरक्षण नीति, २०७९

## १. पृष्ठभूमि

बालअधिकार सुनिश्चित नभएसम्म समृद्ध नेपाल र सुखी नेपाली बनाउने राष्ट्रिय संकल्प पुरा हुन सक्दैन । यस राष्ट्रिय संकल्पलाई पुरा गर्नका लागि स्थानीय तहको भूमिका र जिम्मेवारी अत्यन्तै महत्वपूर्ण रहेको छ । स्थानीय तह भित्र बसोबास गर्ने हरेक नागरिकलाई प्रत्यक्ष सेवा प्रवाह गर्नका लागि स्थानीय तह सदैव कानूनी, नीतिगत, संरचनागत तथा कार्यक्रमगत रुपमा सुदृढ, व्यवस्थित र गतिशील हुनु जरुरी हुन्छ ।

समृद्ध समाज निर्माणका लागि स्थानीय तहले बालबालिकाका लागि लगानी गर्न आवश्यक छ । बालबालिकाको जीवन रक्षा, विकास, संरक्षण तथा सहभागिता सुनिश्चितता सहितको बालमैत्री वातावरण निर्माण गर्न खास गरी बाल संरक्षणको विषयलाई उचित प्राथमिकता दिन पनि आवश्यक छ ।

हाम्रो समाजमा व्याप्त रहेको बालश्रम शोषण, बालविवाह तथा तमाम् विभेदजन्य व्यवहार जस्ता बालबालिका विरुद्धका हानीकारक अभ्यासहरूको अन्त्य गर्न, बालबालिका माथि हुने घरेलु तथा लैङ्गिक हिंसा, दुर्व्यवहार, बेवास्ता वा परित्यक्त हुने अवस्थालाई न्यूनीकरण गर्न, बालबालिकामाथि हुने यौन शोषण, बालबालिकाको ओसारपसार तथा बेचबिखन, अपहरण जस्ता कसूरजन्य कार्यबाट जोगाउनका साथै बालबालिकालाई कुनै पनि प्रकारको जोखिमबाट संरक्षण गर्न आवश्यक छ । नेपालको संविधान २०७२, बालबालिकासम्बन्धी राष्ट्रिय नीति २०६९, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र बालबालिकासम्बन्धी ऐन, २०७५, बालश्रम (निषेध र नियमित) गर्ने ऐन, २०५६ लगायत अन्य प्रचलित ऐनहरू र प्रादेशिक सरकारले बनाएका कानून, नीति तथा कार्ययोजनाहरूलाई आत्मसात गरी बालबालिकाको संरक्षणका निम्ति प्रभावकारी कार्य सञ्चालनार्थ आवश्यक नीतिगत व्यवस्था गर्नका लागि ईन्द्रावती गाउँपालिकाले प्रशासकीय कार्यविधी नियमित गर्ने ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी यो बाल संरक्षण नीति, २०७९ तर्जुमा गरेको छ ।

यो बाल संरक्षण नीति, २०७९ ईन्द्रावती गाउँपालिकाको कार्यपालिकाले विधिवत पारित गरेको मितिबाट लागू हुनेछ । यस नीतिको पालना गर्नु ईन्द्रावती गाउँपालिका भित्र कार्य गर्ने निकाय, नागरिक समाजका संघसंस्था तथा नीजीक्षेत्र लगायत सबैको साझा दायित्व हुनेछ ।

## २. ईन्द्रावती गाउँपालिकामा बाल संरक्षणको बर्तमान स्थिति तथा अवस्था

### क) बाल संरक्षणको वर्तमान स्थिति :

ईन्द्रावती गाउँपालिकाले समग्र बालअधिकार सुनिश्चिचतताका निम्ति योजनाबद्ध ढंगबाट कार्य सञ्चालन गरिरहेको छ । यसै क्रममा यस ईन्द्रावती गाउँपालिकालाई वि.सं. २०७९ चैत्र मसान्त भित्र बालमैत्री गाउँपालिका घोषणा गर्ने गरि कार्ययोजना तयार भएको छ । अहिले बालमैत्री घोषणा लागि अभिमुखिकरण कार्यक्रमहरु संचालन भई रहेका छन । यसको दीगोपनाको लागि रणनीतिक योजना समेत बनाई योजनावद्ध कामहरू भईरहेका छन् । सामाजिक चेतना, अभिभावकको शिक्षा तथा कमजोर आर्थिक गतिविधिका कारण गाउँपालिका भित्र बालबालिका संरक्षणको जोखिममा परिरहेका छन् । यसमा कमी ल्याउन बालबालिकाको संरक्षण र सम्बर्द्धनको क्षेत्रमा योजनागत रुपले कार्य सञ्चालन गर्नु आवश्यक महसुस गरिरहेको छ । यस गाउँपालिकामा बाल संरक्षणका देहायका सवालहरू पहिचान गरिएका छन् :

- बालविवाह
- बालश्रम(गाउँपालिका बाहिर श्रम गर्न पठाउने, गाउँपालिका भित्र श्रम गर्ने, अन्य स्थानीय तहबाट बालश्रम गर्न आउने)
- बालबालिकाको ओसारपसार तथा बेचविखन,
- लागूपदार्थको प्रयोग, ओसारपसार तथा बेचविखनमा बालबालिकाको प्रयोग,
- घरेलु तथा लैङ्गिक हिंसा,
- यौन शोषण,
- भेदभाव,
- वेवास्ता, परित्यक्तता,
- अभिभावक विहिन बालबालिका,
- विशेष हेरचाहको आवश्यकता भएका बालबालिका,
- अल्पसंख्यक जनजाति तथा सिमान्तकृत परिवारका बालबालिका आदि ।

बालाबालिकाका यि समस्यालाई न्यूनीकरण गर्न विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकासका साझेदार संस्था एवं सरोकारवालाहरू सँगको

एकीकृत प्रयासमा बाल संरक्षण संयन्त्रको विकास र क्रियाशीलता बढाई बालबालिकाको उच्चतम हित सुनिश्चित गर्न बाल संरक्षण केन्द्रित दीगो कार्यक्रम सञ्चालन गर्नु आवश्यक छ ।

**ख) बाल संरक्षणको बर्तमान अवस्था :**

ईन्द्रावती गाउँपालिकाले वि.सं.२०७६ मा प्रकाशित गरेको तथ्याँक विवरण अनुसार गाउँपालिका क्षेत्रमा ७,२४४ घरधुरी संख्या रहेको छ । यस गाउँपालिकाको कुल जनसंख्या २८४९२ रहेको छ । यस मध्ये महिला १४,७९२, पुरुष १३७००) जना छन् भने बालबालिका १०३८१(बालिका ५२९४ बालक ५०८६) बसोबास गर्दछन् । यस गाउँपालिकामा कुल जनसंख्याको ३६.४३ प्रतिशत बालबालिकाको संख्या रहेकोछ ।

यस गाउँपालिका भित्र अस्थायी बसोबास गर्ने परिवार तथा बालबालिकाको संख्या पनि उल्लेख्य मात्रामा रहेको छ । यस गाउँपालिका भित्र ५२ वटा सामुदायिक विद्यालयमा ६५६१वद्यार्थीसामुदायिक विद्यालयमा यस गाउँपालिका भित्र वडा बालमैत्री समितिहरू, बाल अधिकार समिति, युवा क्लव, किशोरी सञ्जाल, आमा समूह, अन्तर धार्मीम संस्था, टोलविकास सस्थाहरू क्रियाशील रहेका छन् ।

## ३. गाउँपालिकामा बाल संरक्षणको निम्ति भई आएका प्रयासहरू

यो ईन्द्रावती गाउँपालिका वि.सं. २०७३ साल फाल्गुण २९ गते स्थानीय तहको पुन:संरचना भएसंगै साविक सिम्पालकाभ्रे, कुन्चोक, नवलपुर, वाँडेवाउँ, सिपापोखरे, भोटसिपा, र भिमटार गाउँ विकास समिति समायोजन भई बनेको हो । गाउँविकास समिति भएको बखतमा दुवै गाउँ विकास समितिहरूले बालबालिकाको हित तथा संरक्षणको निम्ति बजेट विनियोजन सहित धेरै सकारात्मक कार्यहरू गर्दै आएका थिए । तथापि कतिपय गतिविधिहरुका लागि उचित प्राथमिकता र पर्याप्त स्रोत विनियोजन भने हुन सकेको थिएन ।

ईन्द्रावती गाउँपालिकाको गठन पश्चात गाउँपालिका तथा वडा समितिहरुबाट बालबालिकाको संरक्षणको क्षेत्रमा गाउँपालिकाको भौगोलिक क्षेत्रभित्र विभिन्न कार्यक्रमहरु सञ्चालन हुँदै आएका छन् । यस गाउँपालिकामा कार्यरत विभिन्न निकायहरू, नागरिक समाजका संघ-संस्थाहरू, स्थानीय समूहहरू, टोल विकास समिति तथा विकास साझेदारहरू सँगको सहकार्यमा यस ईन्द्रावती गाउँपालिकामा

बालबालिकाको संरक्षणका निम्ति गरिएका केही प्रमुख प्रयासहरू देहाय बमोजिम छन्:

**क) समितिहरूको गठन र क्रियाशीलता :**

- उपाध्यक्षको संयोजकत्वमा स्थानीय बाल अधिकार समिति,
- वडाअध्यक्षको संयोजकत्वमा बडा बाल अधिकार समिति,
- स्थानीय बालमैत्री समिति,
- वडा बालमैत्री समिति,
- स्थानीय बालक्लव तथा बाल क्लब सञ्जाल,
- बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यदल (Task Force)

**ख) संयन्त्र तथा संरचनाको विकास :**

- बालबालिका शाखा,
- बालक कल्याण विषय हेर्ने कर्मचारीको व्यवस्था,
- सामाजिक तथा मनोविमर्श हेर्ने गैर सरकारी संस्थाहरूसँगको समन्वय,
- बालमैत्री सहजकर्ताको व्यवस्था र परिचालन (सबै वडाहरूमा)
- पञ्जीकरण शाखा

**ग) पहल तथा गतिविधिहरू सञ्चालन :**

- बालबालिकाको उद्दार, संरक्षण, पुनर्स्थापना लगायतका निम्ति बाल कोषको व्यवस्था,
- बालअधिकार, बाल संरक्षण तथा बालमैत्री शासनका सम्बन्धमा प्रशिक्षण एवं सचेतना कार्य,
- केही बाल उद्यान निर्माणका निम्ति बजेटमा व्यवस्था,
- केही विद्यालयमा पुस्तकालय, बाल क्लब कक्ष, खेलमैदान, बालमैत्री कक्षा निर्माणमा सहयोग,
- बालमैत्री स्थानीय तहको घोषणाका लागि प्रतिवद्धता ,
- बालमैत्री स्थानीय शासन घोषणो लागि रणनीतिक योजना(२०७८-२०७९) तयार र कार्यान्वयन,

- बालबालिकाको स्थिति पत्र, २०७८ तयार
- बालबालिकाको जन्मदर्तालाई १०० प्रतिशत पुऱ्याइएको, (५ वर्ष मुनिका)

## ४. गाउँपालिकामा विद्यमान बाल संरक्षणका केही प्रमुख समस्या र चुनौतीहरू :

यो गाउँपालिका केही वडाहरू भौगोलिक रुपले विकट रहेका छन् भने केही वडाहरू सुगम पनि छन् । यस गाउँपालिकाको करिव मध्य भागबाट पूर्व पश्चिम राजमार्ग छिचोल्दै अगाडि बढेको छ । यसले गर्दा राजमार्ग क्षेत्रमा नयाँ बस्ती विकास हुँदै गएको छ भने केही आर्थिक गतिविधि सञ्चालनमा रहेको साथै शहरीकरण बढिरहेको छ । यस गाउँपालिकाका केही वडाहरू निकै दुर्गम रहेका छन् । यी वडाहरूबाट साथै अन्य क्षेत्रहरूबाट समेत बसाईसराई भई राजमार्ग क्षेत्रमा मानिसहरू आउने गरेका छन् । कामको खोजीमा समेत गाउँपालिका भित्र र बाहिरबाट समेत मानिस आउने गरेका छन् । राजमार्ग क्षेत्रमा भएको बढ्दो बस्ती विकास सहित यस गाउँपालिका क्षेत्र तथा अन्य क्षेत्रबाट ठूलै संख्यामा बालबालिका पनि आउने गरेको र त्यहाँ होटेल, निर्माण कार्य, बालुवा तथा गिटी उत्पादन एवं वितरण लगायतमा श्रम गर्ने गरेका छन् । यसै गरी यस गाउँपालिकाको दुर्गम क्षेत्रका बासिन्दाहरू काम तथा रोजगारीका निम्ति काठमाडौं, देशका अन्य शहरहरू लगायत छिमेकी देश भारतका अतिरिक्त तेस्रो मुलुकहरूमा समेत गइरहेका छन् । देश भित्र र भारतमा रोजगारीका लागि जाने व्यक्तिहरूले वा उनीहरूसंगै लागेर ठूलै संख्यामा बालबालिका जाने गरेका छन् । बालबालिका श्रमको निम्ति जाने क्रमलाई रोक्नु एक चुनौतीको रुपमा रहेको छ । यसै गरी समाजमा हुने गरेको बालविवाह, बालबालिकाको ओसारपसार तथा बेचविखन, मदिरा, सुर्तिजन्य तथा लागूपदार्थको सेवन, ओसारपसार तथा बेचबिखनमा बालबालिकाको प्रयोग यस गाउँपालिकाको प्रमुख समस्याको रुपमा रहेको छ ।

यस गाउँपालिकामा विद्यमान केही समस्या तथा चुनौतीहरू यसप्रकार रहेका छन् ।

- बालश्रम : खासगरी बालुवा तथा गिटी उद्योग तथा ढुवानी, सवारी साधन, होटल, रेस्टुरेन्ट तथा खुद्रा पसल, निर्माण कार्य, अटोमोबाइल वर्कशप, कृषि फार्म तथा कार्य आदि ।

- विद्यालयमा अनुशासनका नाममा गरिने शारीरिक तथा मानसिक सजायँ नदिने अवस्था न्यून गर्न पूर्ण बालमैत्री वातावरणको अभाव,
- विद्यालय तथा समुदायमा बालबालिका माथि हुने हेपाई (बुलिङ)
- इन्टरनेट अनलाइन, सामाजिक सञ्जालको कारण सिकाईमा सकारात्मक प्रभाव भएता पनि सो को प्रयोगले पढाइमा नकारात्मक प्रभाव, सोको दुरुपयोगबाट आइपर्ने जोखिम,
- घरेलु तथा लैङ्गिक हिंसाबाट बालबालिका प्रभावित तथा परिवारमा बालबालिकाको उचित हेरचाह नहुनु,
- बालसमूहको क्रियाशीलतामा सम्बन्धित निकायबाट हुने प्रर्याप्त उत्साहको अभाव,
- अभिभावकहरूमा बालअधिकार र बाल संरक्षणमा सचेतनामा अप्रर्याप्तता,
- गरिबीका कारण कतिपय बालबालिकाका लागि आधारभूत आवश्यकता पूर्तिको अभाव,
- सूर्तिजन्य पदार्थ, मद्यपान, लागुपदार्थको दुर्व्यशन र ओसारपसार तथा बेचविखनमा बालबालिकाको संलग्नता आदि ।

गाउँपालिकामा बाल संरक्षण संयन्त्रको विकास, बाल संरक्षणका ठोस योजनाको तर्जुमा, बालअधिकार अनुगमन व्यवस्था क्रियाशीलता, बालबालिकाको निम्ति प्रर्याप्त बजेट विनियोजन, जनशक्ति तथा स्रोतको उपलब्धता भएता पनि सबै सेवा प्रदायकहरुमा बालसम्वेदनशीलताको विषय, अध्ययन अनुसन्धान समेतका आधारमा सूचना जानकारी अभिलेख व्यवस्थित र दुरुस्त राख्ने कार्य यी सबै कार्यमा सरोकारवालहरू बिच स्रोत परिचालन सहितको समन्वय र सहकार्य गर्न प्रयाप्त ध्यान नदिन नसक्नु लगायतका केही चुनौतिहरु पनि रहेका छन् ।

## ५. बाल संरक्षण नीतिको आवश्यकता

नेपालको संविधान, बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, बालबालिका सम्बन्धी ऐन, २०७५, बालमैत्री स्थानीय तह घोषणा कार्यान्वयन कार्यविधि २०७८, बालश्रम मुक्त

स्थानीय तह घोषणा कार्यविधि २०७९ लगायत बालबालिकासँग सम्बन्धित अन्य ऐनले बालअधिकार अवलम्बन एवं सम्बर्द्धन गर्ने प्रारम्भिक दायित्व स्थानीय तहलाई तोकेको छ । यसैगरी नेपालले बालअधिकार सम्बन्धी महासन्धि लगायत बालबालिकाको हक हित संरक्षणका लागि थुप्रै अन्तर्राष्ट्रिय प्रतिवद्धताहरू समेत जनाएको छ । यी कानूनी व्यवस्थाहरू तथा अन्तर्राष्ट्रिय प्रतिवद्धताहरूलाई पुरा गर्न सघाउनु स्थानीय तहको जिम्मेवारी समेत रहेकोछ । उपरोक्त नीति, कानून तथा व्यवस्था अनुरुप बालबालिकाको अधिकारको कार्यान्वयन गर्ने सिलसिलामा बालबालिकाले भोगिरहेका बाल संरक्षणका थुप्रै समस्या एवं जोखिमहरूलाई सम्बोधन गर्ने जिम्मेवारी स्थानीय तहको रहेको छ । बालबालिकासमेतको निम्ति सेवा प्रवाहको मूख्य जिम्मेवारी रहेको छ । यस गाउँपालिकाले बालबालिकाको समग्र पक्षलाई समेटेर सबै सरोकारवालालाई बालबालिका प्रति जिम्मेवार र सम्वेदनशील बनाउनु आवश्यक छ । बालबालिकाको विषयलाई प्राथमिकतामा राखी यस गाउँपालिकामा कार्यरत सरकारी, गैरसरकारी तथा निजी क्षेत्र सबैको एकीकृत प्रयासलाई बालअधिकार सम्मत ढङ्गले दिशानिर्देश गर्न आवश्यक छ । यसका लागिं सरोकारवालाहरूबिच आपसी सहयोग, समन्वय र सहकार्यमा बालबालिकाको अधिकारको सम्मान, संरक्षण एवं परिपालनागर्दै बाल संरक्षणका सवालहरूलाई न्यूनीकरण गर्न, बालबालिकालाई जोखिमबाट जोगाउने कार्यलाई व्यवस्थित बनाउन र आम व्यक्तिहरूको सामान्य व्यवहारमा सुधार ल्याउनका लागि यो बाल संरक्षण नीति तर्जुमा गरी लागू गर्नुपर्ने आवश्यकता रहेको छ ।

## ६. बाल संरक्षण नीतिको लक्ष्य

गाउँपालिका भित्रका सबै बालबालिकाले स्थापीत बालअधिकारको निर्वाध रुपमा उपभोग गर्दै सक्षम नागरिकका रुपमा हुर्कनका लागि घर परिवार, समाज, विद्यालय तथा बालबालिका रहने बस्ने ठाउँमा उनीहरूमाथि कुनै पनि किसिमको भेदभाव, हिंसा, शोषण, दुर्व्यवहार र बेवास्ता नहुने गरी सुरक्षित महसुस गर्ने वातावरण सृर्जना गराउनु यस नीतिको दीर्घकालीन लक्ष्य रहेको छ ।

## ७. बाल संरक्षण नीतिको मूलभूत सिद्धान्त

यस बाल संरक्षण नीतिलाई व्याख्या तथा व्यवहारमा लागू गर्दा देहायका विषयहरूलाई आधारभूत सिद्धान्तका रुपमा अंगीकार गरिने छ :

**क) बालबालिकाको सर्वोत्तम हितको सिद्धान्त :**

बालबालिकासंग सरोकार राख्ने कुनै पनि विषयमा निर्णय गर्दा, योजना बनाउँदा, स्रोत विनियोजन गर्दा, कार्यक्रम सञ्चालन गर्दा तथा जोखिमपूर्ण अवस्थाका बालबालिकाको उद्धार, राहत, संरक्षण, पुनर्स्थापना लगायत बालबालिकाको हित संरक्षण गर्दा तिनको अधिकारको सम्मान, संरक्षण र मर्यादा कायम हुने गरी उनीहरुको सबैभन्दा राम्रो वा सर्वोत्तम हित तथा भलाइको खोजी गरी निर्णय गर्ने कुरालाई प्राथमिकता दिई यो सिद्धान्त अवलम्बन गरिनेछ ।

**ख) बालबालिका विरूद्धको हिंसा, दुर्व्यवहार, शोषण सह्य नहुने:**

कुनै पनि व्यक्तिबाट बालबालिका विरूद्ध हुने घरेलु तथा लैङ्गिक हिंसा, दुर्व्यवहार, श्रम तथा यौन शोषण जस्ता कसूरजन्य कार्यलाई शुन्य सहनशीलता अवलम्बन गरी कानून अनुरुप कारवाही प्रक्रियालाई अगाडि बढाउन कुनै पनि ढिलासुस्ती हुन दिइने छैन । साथै कुनै पनि बालबालिकालाई कुनै पनि बहानामा कसैबाट पनि भेदभावपूर्ण व्यवहार हुन नदिने कुरालाई प्राथमिकता दिई यो सिद्धान्त अवलम्न गरिनेछ ।

**ग) बालबालिकाको लागि लगानीलाई प्राथमिकता :**

गाउँपालिकाबाट बालबालिकाको निम्ति बजेट विनियोजन गर्दा, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूको समन्वयमा बालबालिका केन्द्रित परियोजना सञ्चालन गर्दा लक्षित बालबालिकालाई प्रत्यक्ष हित हुने, संरक्षणमा सघाउ पुग्ने तथा समग्र बालबालिकाको जीवन विकासमा दीर्घकालीन फाइदा हुने विषयलाई ध्यान दिइने छ । यस क्षेत्रका समग्र बालबालिकाको जीवन सुरक्षा, विकास, संरक्षण र सहभागितालाई सुनिश्चित हुने गरी योजनाबद्ध रुपमा बालबालिकाको लागि लगानीलाई प्राथमिकता दिई यो सिद्धान्त अवलम्बन गरिनेछ ।

**घ) बालबालिकाको विचार र भावनाको कदर :**

गाउँपालिकाले स्थानीय योजना निर्माणको चरणमा तथा नीति निर्माणको समयमा नै बालबालिकासँग सम्बन्धित विषयमा बालबालिकाको समावेशी प्रतिनिधित्व एवम् सक्रिय सहभागितालाई प्राथमिकता दिइनेछ । यस क्रममा विषयको गहनता तथा

बालबालिकाको परिपक्वताका आधारमा बालबालिकाद्वारा व्यक्त विचार, भावना र सुझावको उचित कदर गर्ने कुरालाई प्राथमिकता दिई यो सिद्धान्त अवलम्बन गरिनेछ ।

**ङ) बालबालिकालाई आधारभूत सेवाबाट बञ्चित नगरिने :**

गाउँपालिका भित्रका प्रत्येक बालबालिका समान रुपमा बालअधिकारका हकदार हुन् । बालबालिकालाई बसोबास तथा अन्य कुनै पनि आधारमा उनीहरूको अधिकार हनन् हुन दिइने छैन साथै आधारभूत सेवाबाट कोही पनि बालबालिका बञ्चित हुनु पर्ने अवस्था सिर्जना हुन दिइने कुरालाई प्राथमिकता दिई यो सिद्धान्त अवलम्बन गरिनेछ ।

## ८. बाल संरक्षण नीतिको उद्देश्यहरू

१. बालबालिकालाई सबै किसिमका हिंसा, दुर्व्यवहार, उपेक्षा, भेदभाव, क्षति, यौनशोषण तथा ओसारपसारबाट जोगाउने कार्यलाई थप व्यवस्थित गरिनेछ,

२. ईन्द्रावतीगाउँपालिकालाई निकृष्ट एवं सबै प्रकारको बालश्रम न्यूनीकरण तथा बालविवाह मुक्त स्थानीय तह बनाउने कार्यलाई थप व्यवस्थित गरिनेछ,

३. बाल संरक्षण र बालअधिकार सम्वर्द्धनका लागि स्थानीय बाल संरक्षण संयन्त्रको निर्माण, विकास र संस्थागत क्रियाशीलता अभिबृद्धि गर्ने कार्यलाई थप व्यवस्थित गरिनेछ,

४. सबै विद्यालयलाई भयरहित, शान्त र संरक्षित वातावरणमा पठनपाठन गरिने थलोको रुपमा विकास गर्ने, स्थानीय तह र स्थानीय क्षेत्रमा बालबालिकाको निम्ति क्रियाशील संघसंस्थाहरूमा बाल संरक्षण सुनिस्चित गर्ने कार्यलाई थप व्यवस्थित गरिनेछ,

५. बालबालिका सम्बन्धी विषयको अभिलेख व्यवस्थापन गर्ने कार्यलाई थप व्यवस्थित गरिनेछ,

६. बालअधिकार संरक्षण र सम्वर्द्धनका लागि सरकारी, गैरसरकारी र अन्य सरोकारवालाहरू बिच समन्वय, सहकार्य र साझेदारी कायम गर्ने कार्यलाई थप व्यवस्थित गरिनेछ,

## ९. बाल संरक्षणका मुख्य नीतिहरू :

### उद्देश्य ८.१ सँग सम्बन्धित नीतिहरु :

***(उद्देश्य ८.१. बालबालिकालाई सबै किसिमका हिंसा, दुर्व्यवहार, उपेक्षा, भेदभाव, क्षति, यौनशोषण तथा ओसारपसारबाट जोगाउने ।)***

९.१ बालबालिकालाई कोही कसैबाट पनि कुनै किसिमको हिंसा हुन दिइने छैन र यौन दुर्व्यवहार लगायत सबै किसिमका दुर्व्यवहार, शोषण हुनबाट बालबालिकालाई संरक्षण गरिनेछ ।

९.२ बाबुआमा विहिन, परित्यक्त, वेवारिस अवस्थामा संरक्षणको जोखिममा रहेका बालबालिकाको उचित हेरचाह तथा पुनर्स्थापना गरिने छ साथै यस्ता बालबालिकाको वैकल्पिक हेरचाहका विभिन्न उपाय अपनाइने छ । यस क्रममा बालबालिकाको संस्थागत हेरचाहलाई अन्तिम विकल्पका रुपमा लिइनेछ ।

९.३ बालअधिकारको उल्लंघन भई आपत्कालिन अवस्थामा रहेका बालबालिकाको तत्काल उद्धार, राहत, संरक्षण, मनोसामाजिक विमर्श लगायतका सेवाका लागि बाल हेल्पलाइन १०९८ (दश-नौ-आठ) सँग आवश्यक समन्वय गरिनेछ, साथै बाल हेल्पलाइन सेवालाई प्रभावकारी एवम् सुदृढीकरण गर्न आवश्यक सहयोग गरिनेछ ।

९.४ अपाङ्गता भएका बालबालिकाको संरक्षण र विशेष आवश्यकताको परिपूर्तिलाई प्राथमिकता दिइनेछ ।

९.५ बालिकाहरूको विशेष आवश्यकतालाई प्राथमिकता दिई बालिका मैत्री वातावरण सिर्जना गरिनेछ ।

९.६. प्रकोप तथा महामारी उत्पन्न विपद्को अवस्थामा बाल संरक्षणको विषयलाई उच्च प्राथमिकता
दिनुका साथै दुर्घटना तथा जोखिमको न्यूनीकरण गरिनेछ ।

९.७. सूर्तिजन्य पदार्थ, मादक पदार्थ तथा लागू पदार्थको दुर्व्यशनबाट बालबालिकालाई संरक्षण गर्न सो बारेमा बालबालिका, अभिभावक, शिक्षक, समुदायलाई सचेत गर्नुका साथै त्यस्ता पदार्थहरुको उत्पादन, बिक्री वितरण, ओसारपसार तथा प्रयोग लगायतमा बालबालिकाको पहुँच नियन्त्रण गरिनेछ ।

९.८ बालबालिकालाई इन्टरनेट अनलाइनका माध्यमबाट हुनसक्ने हानी, जोखिम न्यूनिकरणका लागि बालबालिका, विद्यालय तथा अभिभावक

समेतको सहभागितामा सचेतना एवम् रोकथाममूलक कार्य सञ्चालन गरिनेछ ।

९.९ कानूनको विवादमा परेका बालबालिकालाई आवश्यक कानूनी तथा पुनर्स्थापना सहयोग गरिनेछ ।

**उद्देश्य ८.२. सँग सम्बन्धित नीतिहरू**

**(उद्देश्य ८.२ ईन्द्रावती गाउँपालिकालाई निकृष्ट एवं सबै प्रकारको बालश्रम न्यूनीकरण तथा बालविवाह मुक्त स्थानीय तह बनाउने कार्यलाई थप व्यवस्थित गरिनेछ ।)**

९.१० कानून विपरीत कुनै पनि बालबालिका सवारी साधन, होटल रेष्टुरेन्ट, गलैंचा बुन्ने, निर्माण कार्य, घरेलु काम, व्यापार तथा व्यवसायिक क्षेत्र, उद्योग, प्रतिष्ठान, कृषि फार्ममा जोखिमपूर्ण बालश्रम लगायत कुनै पनि प्रकारको बालश्रममा प्रयोग नगरिएको सुनिश्चित गरिनेछ ।

९.११ बालश्रमको स्रोत स्थल र गन्तव्य स्थल दुबैमा श्रमको जोखिममा रहेका वा पर्न सक्ने बालबालिकाको पहिचानका लागि आवश्यक कार्यविधि बनाई गाउँपालिका, श्रम कार्यालय, नेपाल प्रहरी, बाल हेल्पलाइन तथा संघसंस्थाहरूको अनुगमन समितिबाट नियमित अनुगमन, सहयोग, उद्धार तथा पुनर्स्थापना गर्ने व्यवस्था गर्नुका साथै श्रमशोषण गर्नेलाई कानूनी कारबाही गरिनेछ ।

९.१२ निकृष्ट लगायत सबै प्रकारको बालश्रमको न्यूनीकरण र नियन्त्रणका लागि संघसंस्थाहरूको समन्वयमा थप कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

९.१३ राजनैतिक दल तथा ट्रेड युनियनको समन्वयमा राजनैतिक प्रयोजनका लागि बालबालिकालाई प्रयोग नगर्नका लागि अभिप्रेरित गरिनेछ ।

९.१४ बालविवाहलाई अन्त्य गरिनेछ, बालविवाह गर्ने, गराउने तथा सहभागी हुने, सहयोग गर्नेलाई कानूनी कारबाही तथा सामाजिक निगरानीको दायरामा ल्याइनेछ । किशोर तथा किशोरीहरुलाई २० वर्ष भन्दा पहिले विवाह नगर्न सचेतना कार्यक्रम सञ्चालन गरिने छ र बाल क्लबहरू, किशोर किशोरी समूह तथा सञ्जाललाई यस

कार्यमा परिचालन गरिनेछ । विवाहको निमन्त्रणा कार्डमा बर बधुको अनिवार्य उमेर खुलाउने व्यवस्था मिलाइनेछ,

९.१५ गाउँपालिका क्षेत्रमा बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२ अनुरुपका कार्यहरू गर्ने गराइने छ ।

९.१६ बढी बालविवाह हुने क्षेत्र तथा समुदायका बालबालिका, किशोर किशोरीहरू तथा अभिभावकलाई लक्षित गरी सचेतनामूलक कार्यक्रम, बालबालिका तथा किशोर किशोरीका लागि जीवन उपयोगी सीप प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

**उद्देश्य ८.३ सँग सम्बन्धित नीतिहरू**

**(उद्देश्य ८.३ बाल संरक्षण र बालअधिकार सम्वर्द्धनका लागि स्थानीय बाल संरक्षण संयन्त्रको निर्माण, विकास र संस्थागत क्रियाशीलता अभिवृद्धि गर्ने कार्यलाई थप व्यवस्थित गरिने कार्यलाई थप व्यवस्थित गरिनेछ । )**

९.१७ बाल संरक्षण र बालअधिकार सम्वर्द्धनका लागि आवश्यकतानुरुप संस्थागत संरचनाहरुको विकास गरिनेछ । गाउँपालिकामा बाल केन्द्रित देहाय बमोजिमका संरचनाहरूको स्थापना, सुदृढीकरण र क्रियाशीलता अभिवृद्धि गरिनेछ ।

- ईन्द्रावती गाउँपालिका बाल अधिकार समिति,
- वडा बाल अधिकार समिति,
- गाउँपालिकाको कार्यालयमा बालबालिकाको विषय हेर्ने बालबालिका शाखा, बालबालिकासम्बन्धी सम्पर्क व्यक्ति तथा बालकल्याण अधिकारी,
- वडा बाल क्लब सञ्जाल तथा गाउँपालिका स्तर बाल क्लब सञ्जाल,
- बालअधिकार तथा बाल संरक्षण अनुगमन समिति,

९.१८ बाल संरक्षणका क्षेत्रमा वडा स्तरीय कार्ययोजना बनाई वडा कार्यालय मार्फत कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

९.१९ जन्मदर्ता व्यक्तिको पहिलो अधिकारको रुपमा लिई गाउँपालिका क्षेत्रभित्रका सम्पूर्ण बालबालिकाको सहज ढङ्गबाट समयमै जन्मदर्ता गराउने उपायको अवलम्बन गरिने छ ।

९.२० सीमान्तकृत समुदायमा जोखिममा रहेका बालबालिकाको लागि विशेष कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ । जसका लागि कानूनसँग नबाझिने गरी बालबालिकालाई विशेष किसिमको शिक्षा, सीपमूलक तालिम र संरक्षणको व्यवस्था गरिनेछ ।

**उद्देश्य ८.४ संग सम्बन्धित नीतिहरू**

**(उद्देश्य ८.४ सबै विद्यालयलाई भयरहित, शान्त र संरक्षित वातावरणमा पठनपाठन गरिने थलोको रुपमा विकास गर्ने, स्थानीय तह र स्थानीय क्षेत्रमा बालबालिकाको निम्ति क्रियाशील संघसंस्थाहरूमा बाल संरक्षण सुनिश्चित गर्ने कार्यलाई थप व्यवस्थित गरिनेछ ।)**

९.२१ घर, समुदाय, विद्यालय लगायतमा बालबालिकालाई अनुशासनको नाममा दिइने शारीरिक तथा मानसिक सजायको अन्त्य गरी सकारात्मक अनुशासन पद्धतिको विकास गरिनेछ ।

९.२२ विद्यालयमा बालबालिका बिच हुने हेपाई (बुलिंग) जस्ता कार्यको अन्त्य गरिनेछ ।

९.२३ बाल केन्द्रित एवम् दण्डरहित भयमुक्त शिक्षण प्रणालीको व्यवहारिक कार्यान्वयन गरिनेछ ।

९.२४ गाउँपालिकाभित्र रहेका हरेक विद्यालयहरूमा बाल संरक्षण नीति निर्माण भई लागु हुनेछ ।

९.२५ गाउँपालिका भित्रको कुनै पनि राजनीतिक क्रियाकलापमा बालबालिका प्रयोग नगरिने सुनिश्चितताका लागि जोड दिइनेछ ।

९.२६ विद्यालय शान्ति क्षेत्र अवधारणालाई व्यवहारिक कार्यान्वयनमा जोड दिइनेछ ।

९.२७ आफ्नो भौगोलिक क्षेत्र भित्रका बालबालिकासँग प्रत्यक्ष काम गर्ने सबै सरकारी तथा सार्वजनिक निकाय, निजी क्षेत्र एवं सामाजिक संस्थाहरूलाई बाल संरक्षण मापदण्ड बनाई लागू गर्न उत्प्रेरित तथा सहयोग गरिनुका साथै सोको अनुगमन गरिनेछ एवम् गाउँपालिका स्वयम्का लागि समेत बाल संरक्षण मापदण्ड बनाई कार्यान्वयन गरिनेछ ।

## उद्देश्य ८.५ सँग सम्बन्धित नीतिहरू

**(उद्देश्य ८.५ बालबालिका सम्बन्धी विषयको अभिलेख व्यवस्थापन गर्ने कार्यलाई थप व्यवस्थित गरिनेछ)**

९.२८ बालबालिकाको समग्र तथ्यांक संकलन गरिनेछ र प्रत्येक वर्ष सूचना अद्यावधिक एवं अभिलेखीकरण गरिनेछ ।

९.२९ बालबालिका सम्बन्धी समग्र सूचनालाई एकीकृत र अद्यावधिक गरिनेछ र बाल संरक्षणसँग सम्बन्धित सूचनाहरूको व्यवस्थित अभिलेख राख्ने प्रणाली बसाइनेछ । बालबालिकाका सूचनालाई विद्युतीय पद्धतिमा अभिलेखीकरण गर्दै लगिने छ ।

९.३० प्रत्येक वडामा बालबालिका सम्बन्धी वडागत सूचना अद्यावधिक गरी दुरुस्त राख्ने व्यवस्था गरिनेछ ।

९.३१ बालबालिकाको समग्र अवस्थाबारे अद्यावधिक तथ्याङ्क, सूचना, जानकारी समावेश भएको बालबालिका सम्बन्धी बार्षिक स्थिति प्रतिवेदन प्रकाशन गरिनेछ ।

## उद्देश्य ८.६ संग सम्बन्धित नीतिहरू

**(उद्देश्य ८.६ बालअधिकार संरक्षण र सम्वर्द्धनका लागि सरकारी, गैरसरकारी र अन्य सरोकारवालाहरू बीच समन्वय, सहकार्य र साझेदारी कायम गर्ने कार्यलाई थप व्यवस्थित गरिनेछ)**

९.३२ गाउँपालिका भित्र बालबालिकाको तथ्यांक अद्यावधिक गर्ने, सूचना प्रविधिको विकास गर्ने, बालबालिका केन्द्रित अध्ययन अनुसन्धान गर्ने, नीति निर्माण लगायतका कार्यमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूसंग समन्वय गरिनेछ ।

९.३३ बालअधिकारको संरक्षण, सम्वर्द्धन तथा परिपालनाका लागि सम्बन्धित सरकारी निकायहरूलाई बालबालिकाको अवस्था सम्बन्धी तथ्याङ्क, सूचनाका आधारमा बालबालिकाको विषयलाई प्राथमिकता दिन तथा बालकेन्द्रित गतिविधि गर्न, बालसम्वेदनशीलता अभिवृद्धि गर्न सहजीकरण तथा अन्तरक्रिया गरिनेछ ।

९.३४ गाउँपालिका स्तरमा, जिल्ला तथा प्रदेशस्तरमा र राष्ट्रिय स्तरमा बालबालिकाका निम्ति क्रियाशिल संघसंस्था लगायतसँग बालबालिकाको विषयमा परिणाममुखी कार्य गर्न आवश्यक समन्वय, सहयोग, सहकार्य र साझेदारी गरिनेछ ।

९.३५ आमसञ्चार माध्यमलाई बालमैत्री तथा बाल संवेदनशील बनाउन सहजीकरण गरिनेछ । ईन्द्रावतीगाउँपालिका क्षेत्रभित्रका सम्पूर्ण गाउँबासीहरूलाई लक्षित गरी यस क्षेत्रमा क्रियाशील संस्थाहरू, बालमैत्री स्थानीय समिति, स्थानीय बाल संरक्षण समिति, वडा बाल अधिकार समिति, टोल विकास संस्था, महिला सहकारी, बाल क्लब लगायत स्थानीय स्तरका बाल संरक्षण संयन्त्रहरूको क्षमता अभिवृद्धि गरी परिचालन गरिनेछ ।

९.३६ बाल संरक्षणको विषयमा कार्यरत स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरूसँगको सहकार्य र समन्वयात्मक कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

## १० . रणनीति तथा कार्यनीतिहरू :

***(नीति ९.१ देखि ९.९ सम्मसंग सम्बन्धित)***

क) बालबालिकामाथि हुने यौन दुर्व्यवहार, शोषण, बेचबिखन तथा ओसारपसार विरुद्ध सामुदायिक सचेतना अभिवृद्धिका साथै आमसञ्चार माध्यमबाट समेत जानकारी प्रवाह गरिनेछ । यस कार्यमा बाल क्लव, किशोर तथा किशोरी समूह तथा सञ्जाललाई संचेतना कार्यमा जिम्मेवारी सहितको सहभागी गराइने छ, साथै सो काममा सहयोग र अनुगमन गरिनेछ ।

ख) बालबालिकामा आफूविरूद्ध हुने वा हुनसक्ने यौन दुर्व्यवहार, ओसारपसार विरूद्ध प्रतिकार गर्न सक्ने सीप तथा क्षमताको विकास गर्ने तालिम, अन्तरक्रिया, सचेतना कार्यक्रमहरू गरिनेछ ।

ग) समुदायमा आधारित संयन्त्रहरू बाल समूह, टोल संगठन, वडा बाल अधिकार समिति, बालमैत्री स्थानीय शासन समिति, आमा समूह आदिलाई क्षमता अभिवृद्धि तालिम, अभिमुखीकरण कार्यक्रमहरू गरिनेछ ।

घ) गाउँपालिका क्षेत्रभित्र बालअधिकार उल्लंघनका घटना तथा बाल संरक्षण सम्बन्धी समस्याहरूको तत्काल सम्बोधन गरी

आवश्यकतानुसार बालबालिकाको उद्धार, संरक्षण, मनोसामाजिक विमर्श लगायतका सेवा प्रदान गर्न बाल हेल्पलाइनको आपत्कालिन पैसा नलाग्ने फोन नं. १०९८ (दश- नौ-आठ) को बारेमा प्रत्येक विद्यालय तथा वडा कार्यालयमा जानकारी प्रवाह गरिनेछ । बाल हेल्पलाइन सेवालाई प्रभावकारी सञ्चालन तथा सुदृढीकरणका लागि आवश्यक सहयोग र समन्वय गरिनेछ ।

ङ) सूर्तीजन्य पदार्थ, मद्यपान तथा लागूपदार्थको हानिकारक प्रयोगलाई न्यूनीकरण गर्न तथा यसबाट स्वास्थ्य र जीवनवृत्तिमा पर्ने असरबारे बालबालिका तथा अभिभावकलाई सचेत गर्न एवम् सूर्तीजन्य पदार्थसम्बन्धी ऐन २०६८, बमोजिम बालबालिकालाई नबेचिने कुरा सम्बन्धित प्रत्येक पसलमा लेख्न लगाइनेछ । साथै विद्यालय, स्वास्थ्य संस्था वडा कार्यालयहरू तथा गाउँ कार्यपालिकाको कार्यालय वरपर सूर्तीजन्य पदार्थ तथा मदिरा बेच्न नपाउने व्यवस्था कार्यान्वयन गरिनेछ ।

च) प्रकोप तथा महामारीबाट उत्पन्न विपद् प्रभावित बालबालिकालाई तत्काल खाना, बसोवासको सुरक्षित प्रवन्ध मिलाउनुका साथै विपद्का कारण शिक्षा तथा स्वास्थ्यबाट बञ्चित बालबालिकाको शैक्षिक निरन्तरता तथा स्वास्थ्य उपचारका लागि आवश्यक सहयोग गरिनेछ ।

छ) गाउँपालिकामा नौवटै वडा अध्यक्षहरू, स्थानीय संघसंस्थाहरू समेत सदस्य रहेको गाउँपालिका विपद् व्यवस्थापन समितिलाई विपद् पूर्व, विपद्को समय र विपत पछिका सेवालाई व्यवस्थित गर्न जिल्ला, प्रदेश तथा विपद् व्यवस्थापन राष्ट्रिय समितिसँग समन्वय गरी आवश्यक प्रशिक्षण तथा विपद्मा बाल संरक्षण सम्बन्धमा तयारी व्यवस्थापन गरिनेछ ।

ज) बाबुआमा विहिन, अनाथ, वेवारिस बालबालिकाको विवरण संकलन गरी त्यस्ता बालबालिकालाई आफन्त, नातेदार तथा आफ्नै समुदायमा रहने कुरालाई प्राथमिकता दिई वैकल्पिक हेरचाहको व्यवस्था गरिनेछ ।

झ) अपाङ्गता भएका बालबालिकाको लेखाजोखा, तथ्याङ्क सङ्कलन, सूचना र अवस्थाको यकिन गरी अपाङ्ग परिचयपत्र वितरणको सुनिश्चितता गर्ने, सार्वजनिक संरचना (विद्यालय, स्वास्थ्य चौकी, वडा तथा गाउँपालिकाका कार्यालयहरू आदि) अपाङ्गता मैत्री बनाइनेछ ।

ञ) बालबालिका विरुद्ध भएका हिंसा, यौन शोषण तथा दुर्व्यवहार, श्रमशोषण, बेचबिखन तथा ओसारपसार जस्ता घटनाको उजुरीलाई सम्बन्धित सबै निकायले प्राथमिकता दिन र आवश्यकतानुसार पीडित बालबालिकाको संरक्षण, उपचार लगायतमा तत्काल सहयोग गर्न तथा त्यस्ता घटनाको कुनै पनि माध्यमबाट जानकारी प्राप्त भएमा तत्काल सो बारे यथार्थता बुझी कानूनी कारबाही बढाउन बालअधिकार समितिले अन्य संघसंस्था निकायहरुसँग समन्वय, सहकार्य, सहयोग गर्ने तथा अनुगमन गर्ने पद्धति अपनाइनेछ ।

ट) इन्टरनेट, अनलाइन सेवा वा मोबाइल फोनको माध्यमबाट आइपर्न सक्ने जोखिम तथा हानीका बारेमा विशेषत: विद्यालय तथा समुदायमा बालबालिका बीच सचेतना बढाउनुका साथै समस्यामा परेका बालबालिकालाई आवश्यक सहयोग र सेवाका निम्ति बाल हेल्पलाइन १०९८ मार्फत मनोविमर्श सेवा उपलब्ध गराइने छ ।

ठ) कानूनको विवादमा परेका बालबालिकालाई आवश्यक कानूनी सहयोग गर्नका लागि जिल्ला कानूनी सहायता समिति, नेपाल बार एशोसियसन लगायतका संस्थाहरूसँग प्रभावकारी समन्वय गरिनेछ । यस्ता बालबालिकाको पारिवारिक तथा सामाजिक पुनर्स्थापनाका निम्ति परिवार तथा बालबालिकालाई शिक्षा, सिपमूलक तालिम तथा सामाजिकीकरणमा सहयोग गरिनेछ ।

ड) बालअधिकार उल्लंघनका कारण जोखिममा रहेका बालबालिकाको उद्धार, संरक्षण, पुनर्स्थापनाका लागि बाल कोषको रकम लगायत घटनाको गाम्भीर्यता र आवश्यकतानुरुप अन्य स्रोतबाट समेत सहयोग उपलब्ध गराइने छ ।

ढ) बालबालिका विरुद्ध भएका हिंसा, यौन शोषण तथा दुर्व्यवहार, बेचबिखन तथा ओसारपसार जस्ता बालसंरक्षण सम्बन्धी घटनाबाट पीडित भएका बालबालिकाको सशक्तिकरणका लागि पीडित बालबालिकाका साथै आवश्यकतानुसार नीजका परिवारलाई समेत मनोविमर्श सेवा, सचेतना र जीवन निर्वाहका लागि आर्थिक उपार्जनका लागि सहयोग समेत उपलब्ध गराइने छ । गाउँपालिकाबाट सञ्चालित विभिन्न सशक्तिकरण तथा सहयोग उपलब्ध गराउने सम्बन्धी कार्यक्रमहरुमा यस्ता पीडित बालबालिका तथा परिवारलाई विशेष प्राथमिकता पाउने समूहभित्र राखी त्यस्ता कार्यक्रममा लाभग्राहीका रुपमा समावेश गरिनेछ ।

ण) गाउँपालिका क्षेत्रमा कुनै निजी तथा सार्वजनिक भवन, सडक तथा ढल निर्माण लगायतका संरचना निर्माण तथा मर्मतको कार्य गर्दा गाउँपालिकाले बाल दुर्घटना नहुने गरी संरचना बन्ने सुनिश्चितता गराइने छ ।

त) गाउँपालिकाको विषयगत कार्यालय सञ्चालन तथा व्यवस्थापन समिति, विद्यालय व्यवस्थापन समिति, योजना तर्जुमा समिति, टोल विकास संस्था लयायतका सामितिमा बालबालिकाको प्रतिनिधित्व सुनिश्चित गरिनेछ ।

**<u>रणनीति तथा कार्यनीतिः</u>** ***<u>(नीति ९.१० देखि ९.१६ सम्मसँग सम्बन्धित)</u>***

क) गाउँपालिकामा दर्ता हुन आउने, नवीकरण गर्न आउने तथा कुनै पनि सिफारिस लिन आउने सवारी साधन, होटल रेस्टुरेन्ट, निर्माण व्यवसायी, व्यापार तथा व्यवसायी, उद्योग, प्रतिष्ठान, फर्मलाई सो कार्य गर्दा बालश्रम प्रयोग नगरिएको र प्रयोग गर्ने छैन भनी लिखित प्रतिवद्धता जाहेर गराइने छ र सोको अनुगमन गरिने छ ।

ख) गाउँपालिकाबाट विनियोजित कुनै पनि भौतिक निर्माण तथा मर्मत कार्यमा ठेक्का पट्टा वा अमानतको संझौता गर्दा सो कार्यमा बालश्रम नराख्ने प्रतिवद्धता ठेकेदार कम्पनी तथा अमानतमा काम गर्ने पक्षसँग गरिने छ । साथै गाउँपालिकालाई सामान तथा सेवा उपलब्ध गराउने पक्ष (Vender) लाई समेत बालश्रम नराख्ने प्रतिवद्धता जाहेर गर्न लगाइने छ र सोको अनुगमन गरिने छ ।

ग) गाउँपालिका क्षेत्र भित्र रहेका सवारी साधन, होटल रेस्टुरेन्ट, निर्माण कार्य, घरेलु काम, व्यापार तथा व्यवसायीक क्षेत्र, उद्योग, प्रतिष्ठान, फार्म लगायतका श्रम क्षेत्रहरूमा निर्दिष्ट कार्यविधि अनुरुपका अनुगमन समितिबाट नियमित अनुगमन गरिनेछ । कानून विपरीत बालश्रममा रहेका बालबालिकाको उद्धार, पुनर्स्थापना गरी श्रमशोषण गर्नेलाई कारबाही गरिनेछ ।

घ) बालश्रम विरुद्धमा सामुदायिक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

ङ) बालबालिकालाई बालश्रममा आउनबाट रोक्न संघसंस्थाहरूको समन्वयमा विद्यालय बाहिर भएका बालबालिकाको परिवारसँग

समन्वय गरी निजलाई विद्यालयमा भर्ना गरी औपचारिक शिक्षाको निरन्तरता गराउन सहजीकरण गरिनेछ ।

च) बालश्रममा संलग्न हुने जोखिममा रहेका सबै बालबालिकाको स्थितिको निरन्तर अनुगमन गरिनेछ र आधारभूत आवश्यकता पूर्तिका लागि सहयोग गरी विद्यालय निरन्तरताको वातावरण निर्माण गरिनेछ ।

छ) बालश्रम निवारण सम्बन्धी गुरुयोजना (२०७५-२०८५)ले निर्दिष्ट गरेका लक्ष्य हासिल गर्न स्थानीय तहको जिम्मेवारी पुरा गर्न बालश्रम निवारण सम्बन्धी रणनीतिक कार्यक्रम तयार गरी लागू गरिनेछ । बालश्रम मुक्त टोल तथा वडालाई क्रमशः घोषणा गर्दै लगिने कार्यलाई निरन्तरता दिइनेछ ।

ज) संघसंस्थाहरूको समन्वयमा बाल श्रमशोषण तथा बालविवाह विरुद्धको प्रचार सामग्री निर्माण गरी समुदायमा आधारित आमसञ्चार माध्यमबाट सम्प्रेषण गरिनेछ ।

झ) बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२ अनुरुप बालविवाह विरुद्ध अभियान सञ्चालन गरिनेछ र वि.सं. २०८५ सम्ममा बालविवाह मुक्त गाउँपालिका घोषणा गर्न कार्ययोजना तयार गरिने छ ।

ञ) श्रमशोषण तथा बालविवाहबाट पीडित भएका बालबालिकाको सशक्तिकरण, शिक्षा, जीवन उपयोगी सीप शिक्षा, मनोविमर्श, पारिवारिक पुनर्स्थापना साथै आवश्यकतानुसार निजका परिवारलाई समेत मनोविमर्श सेवा, सचेतना र जीवन निर्वाहका लागि आर्थिक उपार्जनमा सहयोग समेत उपलब्ध गराइने छ । गाउँपालिकाबाट सञ्चालित विभिन्न सशक्तिकरण तथा सहयोग उपलब्ध गराउने सम्बन्धी कार्यक्रमहरूमा यस्ता पीडित बालबालिका तथा परिवारलाई विशेष प्राथमिकता पाउने समूहभित्र राखी त्यस्ता कार्यक्रममा लाभग्राहीका रुपमा समावेश गरिनेछ ।

ट) बालबालिका विरुद्धको श्रमशोषण तथा जबरजस्ती गरिने बालविवाहका घटनाको जानकारी प्राप्त भएमा तत्काल सो बारे यथार्थता बुझी कारबाही बढाउन बालअधिकार समितिले अन्य संघसंस्था निकायहरुसँग समन्वय, सहकार्य, सहयोग गर्ने तथा अनुगमन गर्ने पद्धति अपनाइनेछ ।

ठ) बालविवाह अन्त्यका लागि बालविवाहको आर्थिक, सामाजिक तथा स्वास्थ्य एवम् व्यक्तित्व विकाससम्बन्धी असर र कानूनी प्रावधान आदि बारे विशेषतः किशोर किशोरी लगायत लक्षित समुदाय पहिचान गरी सचेतना गर्ने, यस कार्यमा समाजका धार्मिक गुरुहरू लगायतका अगुवालाई सहभागी गराउने र २० वर्ष नपुगेका किशोर तथा किशोरीहरूलाई आफूखुसी विवाह नगर्न प्रेरित गरिने छ ।

ड) बालविवाहको घटनाको सम्भावनाको आङ्कलन गर्न तथा विवाह हुन लागेको जानकारी दिने कामका लागि टोल-टोलमा समूहहरू ( बालबालिका, युवा तथा आमासमुह आदि) परिचालन गर्ने तथा बालविवाह गर्न वा गराउन लागेको अवस्थामा सम्बन्धित परिवार तथा बालबालिकालाई सम्झाइ बुझाइ गरी तथा आवश्यक सहयोग, सेवा उपलब्ध गराई बालविवाह नगर्ने वातावरण निर्माण गरिनेछ ।

ढ) किशोर किशोरी बिच आफूखुसी विवाह गर्ने बढ्दो प्रचलनलाई निरुत्साहन गर्न बढी विवाह हुने समुदायका किशोर किशोरी, विद्यालय तथा अभिभावक केन्द्रित सचेतना अभियान सञ्चालन गरिने छ ।

ण) बालश्रम तथा बालविवाहबाट उद्धार गरिएका बालबालिकालाई परिवार तथा समुदायमा पुनर्स्थापनाको लागि सम्बन्धित संघसंस्थाहरुसँग प्रभावकारी रुपमा समन्वय गरिनेछ ।

## रणनीति तथा कार्यनीतिः *(नीति ९.१७ देखि ९.२० सम्म सम्बन्धित)*

क) ईन्द्रावती गाउँपालिका स्थानीय, बालअधिकार समिति, प्रत्येक वडामा वडा बालअधिकार समिति, बाल संरक्षण अनुगमन समितिको गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि निर्माण गरी बालबालिकाको संरक्षण, सम्वर्द्धन, परिपालनाका साथै अनुगमन लगायतका कार्यहरूमा क्रियाशील बनाइनेछ ।

ख) बालबालिका सम्बन्धी विषयलाई व्यवस्थित सम्बोधन गर्न, आवश्यक सहजीकरण गर्न, समन्वय गर्न, अभिलेख राख्न लगायतका बालकेन्द्रित कार्यहरूको व्यवस्थापन एवम् सहजीकरणका लागि गाउँ कार्यपालिकाको कार्यालयमा बालबालिका सम्बन्धी शाखाका सम्पर्क व्यक्तिलाई जिम्मेवार र क्रियाशील बनाइनेछ । साथै बालबालिका

सम्बन्धी ऐनको दफा ६१ बमोजिमको बालकल्याण अधिकारीको व्यवस्था गरिनेछ ।

ग) बालबालिकाको सहभागिता प्रवर्धनका लागि वडामा रहेका समुदाय तथा विद्यालयस्तरमा रहेका बालक्लबहरू मध्येबाट वडा बालक्लब सञ्जाल तथा वडा बालक्लब सञ्जाल मध्येबाट गाउँपालिका बालक्लब सञ्जाल गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि निर्माण गरी आवश्यकतानुरुप स्थानीय योजना तर्जुमा देखि सार्वजनिक सुनुवाईसम्मका गतिविधिका साथै बालअधिकार सम्बन्धी सचेतना, क्षमता अभिवृद्धि, सिर्जनात्मक गतिविधि, बाल संरक्षण लगायतका गतिविधिहरूमा बालबालिकाको उचित प्रतिनिधित्व तथा सहभागितालाई प्रवर्द्धन गरिने छ ।

घ) यस गाउँपालिका रहेका बालक्लवहरूको स्थानीय वार्षिक भेला आयोजना गरिनेछ ।

ङ) वडा बाल क्लब, समूदाय, संघसंस्थाहरूसँग छलफल गरी वडाहरूमा बाल संरक्षणका सवालहरू पहिचान गरिने छ र वडा स्तरीय कार्ययोजना बनाई वडा कार्यालय मार्फत कार्यान्वयन गरिनेछ ।

च) गाउँपालिका क्षेत्रभित्रका सम्पूर्ण बालबालिकाको सहज ढङ्गबाट १०० प्रतिशत जन्मदर्ता गराउने कार्यलाई निरन्तरता दिन, नवजात शिशु र सुत्केरी महिलालाई प्रसूती केन्द्रमा सुत्केरी गराउन आउने महिलालाई प्रोत्साहन स्वरुप उपलब्ध गराइएको भत्ता, निःशुल्क एम्बुलेन्स सेवा तथा निःशुल्क खाना र पोषण प्याकेज उपलब्ध गराउँदै आएको सेवालाई निरन्तरता दिइनेछ । जन्मदर्ताको अभिलेखीकरण व्यवस्थित बनाउन जन्मदर्ता गर्ने कार्यलाई घरघरमा गई नवजात शिशुको स्वागत तथा सुत्केरी दम्पत्तीलाई बधाई दिने र नवजात छोरीको हकमा बालिका सुरक्षा बिमा कार्यक्रमलाई अवलम्बन गरिनेछ ।

**रणनीति तथा कार्यनीतिः *(नीति ९.२१ देखि ९.२७ सम्मसँग सम्बन्धित)***

क) विद्यालयमा भयरहित वातावरणमा सिक्ने तथा सिकाउने अवस्थाको विकास गर्न विद्यालय व्यवस्थापन समिति, शिक्षक, विद्यार्थी तथा अभिभावकमा शारीरिक तथा मानसिक दण्डसजायको नकारात्मक प्रभावका वारेमा सचेतना बढाउने तथा क्षमता अभिवृद्धि गरीनेछ ।

यस कार्यका लागि सम्बद्ध निकायहरूसँग प्रभावकारी समन्वय गरिनेछ ।

ख) सकारात्मक सिकाई पद्धति (सकारात्मक अभिभावकत्व, सकारात्मक वा भयरहित शिक्षण सिकाई) बारे शिक्षक तथा अभिभावक समेतलाई तालिम, सीप विकास गर्ने, विद्यालयमा प्रत्येक विद्यार्थीको व्यक्तिगत फाइल खडा गर्ने व्यवस्था मिलाउने तथा विद्यालयको अनुगमनमा यस पक्षलाई प्राथमिकता दिइनेछ ।

ग) प्रत्येक बिद्यालयमा कम्तिमा एक जना शिक्षकलाई बालबालिकाको मनोसामाजिक समस्या पहिचान गर्नसक्ने तथा सोको प्राथमिक सेवाप्रभाह गर्नसक्ने क्षमता विकासका लागि मनोबिमर्श सेवासम्बन्धी सीपमूलक तालिमको व्यवस्था गरी सो सम्बन्धी सेवा प्रवाहको अनुगमन गरिनेछ भने बालिकाहरूको विशेष आवश्यकताका लागि सेवा, सुविधा उपलब्ध गराइनेछ ।

घ) कुनै पनि पक्षले विद्यालय बन्द गर्न तथा विद्यालय परिसरको प्रयोग तथा विद्यालय, विद्यार्थी एवम् शिक्षकलाई राजनैतिक स्वार्थका लागि प्रयोग गर्न निषेध गरी विद्यालयलाई शान्तिक्षेत्र घोषणा गरिने छ ।

ङ) विद्यालय बाहिर रहेका बालबालिकालाई संरक्षणको जोखिमबाट जोगाउन विद्यालय भर्ना कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।

च) सबै बिद्यालयहरूको अनिवार्य बाल संरक्षण नीति बनाउन सहजिकरण तथा सहयोग गरिनेछ र विद्यालयमा बालबालिकाबीच हुने हेपाई (बुलिङ्ग) लाई हटाउन शिक्षकको सहजीकरणमा बालबालिका बिच आपसी सम्मान संस्कृतिको विकास गरिनेछ ।

छ) विद्यालयमा बालबालिकाको उमेर क्षमताको आधारमा बाल केन्द्रित एवम् दण्डरहित भयमुक्त शिक्षण प्रणालीको व्यवहारिक कार्यान्वयन गर्न शिक्षकलाई प्रशिक्षण दिइनेछ ।

ज) गाउँपालिकाले सामुदायिक विद्यालयमा उपलब्ध गराउने छात्रवृत्ति उपलब्ध गराउदा सम्बन्धित विद्यालयको बाल क्लब समेतको सिफारिस लिई विद्यालयले छात्रवृत्तिको सिफारिस गर्ने व्यवस्था अवलम्बन गरिनेछ ।

**रणनीति तथा कार्यनीतिः *(नीति ९.२८ देखि ९.३१ सम्मसँग सम्बन्धित)***

क) प्रत्येक वडामा संघसंस्थाहरूको समन्वय समेतमा बालबालिकाको समग्र अवस्था झल्कने गरी तथ्यांक संकलन गरिने छ । यसको आधारमा गाउँपालिकाको एकीकृत तथ्यांक अद्यावधिक गरिनेछ र प्रत्येक वर्ष सूचना अपडेट एवं अभिलेखीकरण गरिनेछ ।

ख) गाउँपालिकाको बालबालिका शाखामा बालबालिका सम्बन्धी समग्र तथ्य तथ्याङ्क तथा सूचना जानकारी डिजिटल रुपमा समेत राखिनेछ तथा यसका लागि अन्य निकाय तथा संघसंस्थाहरूसँग सहकार्य गर्न सकिने छ । बालबालिका सम्बन्धी विशेषतः बाल संरक्षण सम्बन्धी राख्नुपर्ने अभिलेख सम्बन्धी विस्तृत कार्यविधि बनाई कार्यान्वयन गरिनेछ ।

ग) प्रत्येक वडामा बालबालिका सम्बन्धी तथ्याङ्क तथा सूचना, जानकारीको अद्यावधिक गरी दुरुस्त राख्ने व्यवस्थाका लागि वडा सदस्यको संयोजकत्वमा बालमैत्री सहजकर्ता तथा स्थानीय तथा वडा स्तरमा कार्यरत संघसंस्था लगायतको सहभागितामा सूचना व्यवस्थापन टोली बनाई अभिलेख दुरुस्त र व्यवस्थित गरिनेछ ।

घ) बालबालिकासँग सम्बन्धित संघसंस्थाहरूको समन्वयमा बालबालिकासँग सम्बन्धित विशेषतः बाल संरक्षणको क्षेत्रमा आवश्यकतानुरुप अध्ययन अनुसन्धान गर्ने, गराइनेछ ।

ङ) बालबालिकाको उजुरी तथा सूचना लिन गाउँपालिकामा एक हेल्प डेक्स सञ्चालन गरिनेछ । उक्त हेल्प डेक्समा निःशुल्क टेलिफोन सेवा सञ्चालन गरिनेछ ।

च) प्रत्येक वर्ष गाउँपालिका भरीको बालबालिका सम्बन्धी तथ्याङ्क, सूचना, जानकारी सहितको बालबालिका सम्बन्धी बार्षिक स्थिति प्रतिवेदन राष्ट्रिय बाल दिवसको अवसरमा प्रकाशित गरिनेछ ।

**रणनीति तथा कार्यनीतिः *(नीति ९.३२ देखि नीति ९.३६ सम्मसंग सम्बन्धित)***

क) गाउँपालिकाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूसंगको समन्वय र सहकार्यमा बालबालिकाको तथ्याँक संकलन, अध्यावधिक कार्य, सूचना प्रविधिको विकास, बालबालिका केन्द्रित अध्ययन अनुसन्धान, नीति निर्माण लगायतका कार्य गरिनेछ ।

ख) बालबालिकाको अवस्था र प्राथमिकता दिनुपर्ने क्षेत्र तथा विषयका बारेमा सरोकारवाला निकायहरूलाई नियमित रुपमा सूचना प्रवाह गर्नुका साथै सो निकायका योजना तर्जुमा देखि कार्यान्वयन तहका पदाधिकारी एवम् कर्मचारी बिच बाल संवेदनशीलताका बारेमा आवधिक छलफल, अन्तरक्रियाहरू गरिनेछ ।

ग) बालबालिकाको क्षेत्रमा क्रियाशील संघसंस्थाहरूबीच आवश्यक समन्वय, सहकार्य र सूचना आदानप्रदान लगायतका लागि कम्तिमा चार-चार महिनामा एक पटक समन्वय बैठक गरिनेछ ।

घ) आमसञ्चार माध्यममा बालबालिका सम्बन्धी विषयलाई बालअधिकारसम्मत रुपमा प्राथमिकताका साथ स्थान दिन सञ्चारकर्मीबीच बालसंवेदनशीलता सम्बन्धी अभिमुखीकरण गरिनेछ, समन्वय तथा सहकार्य गरिनेछ ।

ङ) गाउँपालिका क्षेत्रमा कार्यरत सेवाप्रदायक संघसंस्थाहरूको मापन गरी उनीहरुले दिने सेवाको वर्गीकरण गर्ने ।

## ११. नीतिको कार्यन्वयन तथा कार्ययोजना

यस नीतिलाई प्रभावकारी कार्यन्वयन गर्नका लागि बाल संरक्षणसंग सम्बन्धित प्रमुख मुद्दाहरू बालश्रम, बालविवाह, विद्यालय बाल संरक्षण, बालबालिकाको बेचविखन तथा ओसारपसार लगायतमा विषयगत रुपमा विस्तृत रणनीतिक कार्यक्रम वा कार्ययोजना वा कार्यविधि तयार गर्न सकिनेछ ।

यस नीतिको कार्यान्वयनको निम्ति आवश्यक समन्वय गाउँपालिकाको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाबाट गरिनेछ ।

## १२. संस्थागत संरचना, मानवीय तथा आर्थिक स्रोत व्यवस्थापन

यस नीतिको कार्यान्वयनको समग्र जिम्मेवारी गाउँ कार्यपालिकामा रहनेछ । यस नीतिको कार्यान्वयनका निमित्त आवश्यकतानुसार गाउँसभाले कानूनहरू पारित गर्नेछन् । जसका निमित्त विधायन समितिको सिफारिसमा बालबालिका सम्बन्धी ऐन, २०७५ ले तोकेका विषयहरूमा ऐनहरू तर्जुमा गरी गाउँ सभामा पेश गरिनेछ । त्यसैगरी यस नीति तथा बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ५४ बमोजिमको बाल संरक्षण मापदण्ड कार्यपालिकाको बैठकले पारित गर्नेछ । यस नीतिको कार्यान्वयनका निमित्त स्थानीय बाल अधिकार समिति र वडा बाल अधिकार समितिलाई

परिचालन गरिनेछ। बालबालिकाको अधिकार हनन् सम्बन्धमा पर्ने निवेदन उपर समयमै सुनवाई गरी निर्णय गर्ने व्यवस्थाका निमित्त स्थानीय न्यायिक समितिलाई सक्षम बनाइनेछ।

यो नीतिको प्रभावकारी कार्यान्वयका निम्ति नीतिसँग सम्बन्धित गतिविधि वार्षिक योजनामा समावेश गरिनेछ । यसका निमित्त आधारभूत रुपमा मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गाउँपालिका तथा वडा समितिबाट गरिनेछ। आधारभूत गतिविधिका लागि मानव स्रोतका रुपमा गाउँपालिका अन्तरगतका तोकिएका कर्मचारी तथा जनप्रतिनिधिहरूको विशेष जिम्मेवारी रहनेछ । साथै बालबालिकाको क्षेत्रमा क्रियाशील संघसंस्था तथा नागरिक समाजका व्यक्तिहरू समेतको सहयोग लिइने र परिचालन गरिनेछ । बालबालिका सम्बन्धी ऐनमा उल्लेख भएको हरेक स्थानीय तहमा एक बालकल्याण अधिकारी रहने प्रावधान अनुरुपको व्यवस्था गरिनेछ । बालबालिकाको प्रमुख मुद्दाहरू बालश्रम, बालविवाह, दुर्व्यवहार, परित्यक्तता तथा बाबुआमा विहिन, अपाङ्गता(बौद्धिक तथा शारीरिक) भएका लगायत बालबालिकाका हक हित संरक्षण एवं अधारभूत गतिविधि सञ्चालनका लागि गाउँपालिका तथा वडा समितिको नियमित वार्षिक बजेट भित्र कुल वार्षिक बजेटको १५ प्रतिशतमा कम नहुने गरी बजेट विनियोजन गरिनेछ। यससँग सम्बन्धित कतिपय गतिविधिहरू अन्य संघसंस्था तथा निकायसँगको सहकार्य एवं साझेदारीमा पनि गर्न सकिनेछ। विषयगत प्राविधिक सहयोगका लागि विशेषज्ञता हासिल गरेका व्यक्ति, संघसंस्था तथा निकायसँग सहकार्य गर्न तथा सेवा खरिद गर्न सकिनेछ।

## १३. अनुगमन तथा मूल्याङ्कन

यस बालबालिका सम्बन्धी नीतिको कार्यान्वयन अवस्थाको अनुगमन उपाध्यक्षको नेतृत्वमा स्थानीय बाल अधिकार समिति तथा बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यदल (Task Force) बाट हुनेछ । अनुगमनको प्रतिवेदन गाउँ कार्यपालिकामा पेश गरिनेछ। स्थानीय बाल अधिकार समितिले हरेक चार महिनामा गाउँपालिकाका पदाधिकारी सहित अन्य सरोकारवालाहरू समेतका बिच समिक्षा बैठकको आयोजना गर्नेछ । बैठकको प्रतिवेदन गाउँ कार्यपालिकामा पेश गरिनेछ। गाउँ कार्यपालिकाले तोकेको उपाध्यक्षको नेतृत्वमा गाउँपालिकाका पदाधिकारी, कर्मचारी तथा नागरिक समाज समेतको प्रतिनिधित्व सहभागीतामा मूल्याङ्कन समितिले यस बालबालिका सम्बन्धी नीतिको कार्यान्वयन अवस्थाको मूल्याङ्कन प्रतिवेदन तयार गरी गाउँ कार्यपालिका तथा गाउँ सभामा पेश गरिनेछ ।

आवश्यकतानुरुप स्वतन्त्र अनुगमन तथा मूल्याङ्कन टोलीबाट पनि अनुगमन, मूल्याङ्कन गर्न गराउन सकिनेछ ।

स्थानीय बाल अधिकार समितिबाट वार्षिक रूपमा प्रदेश बाल अधिकार समितिमा पेश हुने प्रतिवेदनमा यस नीति समेतका आधारमा बालबालिकाको विषयहरूमा स्थानीय व्यवस्थापिका, कार्यपालिका तथा बाल अधिकार समिति मार्फत भएका कार्यहरू, न्यायिक समितिमा आएका बालबालिकासँग सम्बन्धित उजुरी, त्यस उपर भएको निर्णय, त्यसको कार्यान्वयनको स्थिति समेत समावेश गरिनेछ ।

यस नीतिको अनुगमन तथा मूल्याङ्कनलाई सरल र प्रभावकारी बनाउनका लागि राष्ट्रिय योजना आयोगले तर्जुमा गरी व्यवहारमा ल्याएको नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन ढाँचा तथा संघीय व्यवस्था तथा सामान्य प्रशासन मन्त्रालयले कार्यन्वयनमा ल्याएको अनुगमन तथा मूल्याङ्कन प्रणाली समेतलाई ध्यानमा राख्दै स्थानीय अवस्थानुरुप प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गरिने छ । साथै प्रदेश सुशासन केन्द्रबाट गरिने स्थानीय तहको बार्षिक स्वमूल्यांकन सम्बन्धी सूचकमा पनि समावेश गर्न अनुरोध गरिनेछ ।

## १४. नीतिको व्याख्या तथा बाधा अड्काउ फुकाउ एवं पुनरावलोकन

यस बाल संरक्षण नीतिको कार्यान्वयनको क्रममा कुनै दुविधा हुन गएमा सोको व्याख्या गर्ने वा बाधा अड्काउ फुकाउने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ । सामान्यतयाः हरेक पाँच वर्षमा निर्वाचित हुने गाउँ कार्यपालिकाबाट यस नीतिको पुनरावलोकन गरिनेछ । तर बालबालिकाको सर्वोत्तम हितका लागि आवश्यकतानुरुप नीतिको सो समय भन्दा अगावै पनि संशोधन र अद्यावधिक गर्न सकिनेछ ।

प्रमाणिकरण मितिः २०७९/०९/०७

आज्ञाले,

राम प्रसाद शर्मा

प्रमुख प्रशासकीय अधिकृत